आज मिति २०८३।०४।२१ गतेका दिन यस गैडहवा गाउँपालिका,रुपन्देहीका अध्यक्ष श्री सुरेन्द्र पौड्यालको अध्यक्षतामा र देहायका गाउँ कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा देहायका प्रस्तावहरुमा छलफल गरी निर्णय लिनका लागि गाउँ कार्यपालिकाको बैठक बसियो ।

समय: २.३० बजे

स्थान: गाउँकार्यपालिकाको बैठक कक्ष

## उपस्थिति

| सि.नं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | सुरेन्द्र पौड्याल | अध्यक्ष | |
| २ | माधुरी जैसवाल | उपाध्यक्ष | |
| ३ | प्रदिप कुमार चौधरी | सदस्य | |
| ४ | सराजुद्दीन धुनिया | सदस्य | |
| ५ | राम अजोर यादव | सदस्य | |
| ६ | सुरेन्द्र सिंह कुर्मी | सदस्य | |
| ७ | विजयकुमार शर्मा | सदस्य | |
| ८ | राजकुमार लोध | सदस्य | |
| ९ | लालबहादुर केवट | सदस्य | |
| १० | भुवनबहादुर राना मगर | सदस्य | |
| ११ | मिना क्षेत्री | सदस्य | |
| १२ | लता चौधरी | सदस्य | |
| १३ | शोभा अहिर | सदस्य | शोभा |
| १४ | कैलासी पासिन | सदस्य | |
| १५ | कलावती चमार | सदस्य | कलावती |
| १६ | श्रीराम कलवार | सदस्य | श्रीराम |
| १७ | बाबुलाल धोवी | सदस्य | बाबुलाल |
| १८ | रोमनाथ न्यौपाने | सचिव | |

**आमन्त्रित**

| | | | |
|---|---|---|---|
| १ | श्री रक्षता गौतम | नि.प्र.प्रशासक (जाँ) | |
| २ | श्री ब्रतप न्यौपाने | सु.प्र.प | |
| ३ | श्री सुरेन्द्र चौहान | अ.स्वी.अ. | |
| ४ | | | |
| ५ | | | |

<u>कार्यपालिका बैठकका विषयवस्तुहरु</u>

प्रस्ताव नं. १ अघिल्लो बैठकको समिक्षा सम्वन्धमा ।

प्रस्ताव नं. २ पन्ध्र शैयाको गैडहवा आधारभूत अस्पताल सञ्चालन सम्बन्धमा ।

प्रस्ताव नं. ३ भूमी प्रशासन सम्वन्धमा ।

प्रस्ताव नं. ४ विविध ।

४.१ भूमिहिन सिफारिस सम्बन्धमा ।

४.२ अदालतमा प्रतिनिधि तोक्ने सम्बन्धमा ।

४.३ गैडहवा तालको व्यवस्थापन समिति गठन गर्ने सम्बन्धमा ।

४.४ मर्मत संम्भार सम्बन्धमा ।

४.५ दररेट सम्बन्धमा ।

४.६ घर नक्सा पास सम्बन्धमा।

<u>निर्णयहरु:</u>

**निर्णय नं १:** प्रस्ताव नं १ माथि छलफल गर्दा गत बैठकका निर्णयहरूको कार्यान्वयन अवस्था सन्तोषजनक पाईयो।

**निर्णय नं २:** प्रस्ताव नं २ माथि छलफल गर्दा पन्ध्र शैयाको गैडहवा आधारभूत अस्पताल सम्पन्न भई निर्माण व्यवसायिबाट हस्तान्तरण भई सकेको हुनाले सो आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापनको लागि नेपाल सरकार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, स्वास्थ्य सेवा विभाग, लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय मा आवश्यक पर्ने स्रोत साधन, बजेट, मेसिनरी औजार, जनशक्ति व्यवस्थापन तथा उपलब्धताको लागि अनुरोध गर्ने निर्णय गरियो । साथै अस्पताल यथासिघ्र सञ्चालन गरी गैडहवाबासी साथै छिमेकी पालिकाहरुका नागरिहरुलाई आधारभूत स्वास्थ्य सेवा सर्वसुलभ रुपमा उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं ३:** माथि छलफल गर्दा यस गाउँपालिकाका सेवाग्राहीहरुको हितलाई ध्यानमा राखी भूमि प्रशासन शाखा स्थापना गरी सेवाप्रवाह गर्नको लागि गाउँपालिकाको भौतिक पूर्वाधार पर्याप्त रहेको र गाउँपालिकाले जनशक्ति व्यवस्थापन गर्न सक्ने हुनाले भूमि प्रशासन सम्बन्धि कार्य (मालपोत र नापी) गर्न स्वीकृति प्रदान गरिदिनको लागि भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

CamScanner

निर्णय नं. ४ विविध मा तपसिल बमोजिमका निर्णय गरियो।

४.१

मिति २०८३/४/५ को कार्यपालिकाको बैठकले प्रमाणीकरण गरी पठाएका वार्ड नं.८ का देहायको परिवारलाई देहाएको जग्गा देहाएको प्रयोजनको लागि निशुल्क उपलब्ध गर्न जिल्ला भूमि समस्या समाधान समिति रुपन्देहीलाई सिफारिस गर्ने निर्णय गरियो ।

वडा नं. ८ (८क)

| क. स. | लाभग्राही को नाम/थर (परिवारमुली र निजको पति/पत्नी ) | निवेदन दर्ता नं. | नागरिकता नं./जारी मिति/ जिल्ला | नक्सा नं. | कित्ता नं. | क्षेत्रफल (बर्ग मिटर ) | प्रयोजन | वडाको सिफारिस अनुसार आवाद कमोतको अवधि | भूमिहीन दलित / भूमिहीन सुकुम्बासी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सोनमती मुसहर/ भगवती मुसहर | BD०८-००२७ | ३७-०१-७४-१६२३६ २०७४/१०/१९ रुपन्देही ३७३०५३/१४९५ २०६३/११/३ रुपन्देही | गैडहवा ८ क | २० | २८१.६१ | आवास | ३५ वर्ष | भूमिहीन दलित | |
| | | | | | १६ | ७४८.२७ | कृषि | | | |
| २ | कलाम मुसलमान / कमरीया कुमालनी मुसलमान | BS०१७६ | ३७३०५३/२१२ २०६३/१०/२२ रुपन्देही ५/३/३०४६ २०४६/१२/०६ रुपन्देही | गैडहवा ८ क | २१ | ८०४.४७ | कृषि | २७ वर्ष | भूमिहीन सुकुम्बासी | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | पंचराम मुसहर | BD००३१ | १२४६ २०४४/११/२८ रुपन्देही | गैडहवा ८ क | ३ | १६३.०५ | आवास | ३५ वर्ष | भूमिहीन दलित | |
| ४ | बंशराज मुशहर /पशुपति मुसहर | BD००३७ | १३२० २०४४/०२/०१ रुपन्देही ३७-०१-७६-०९६३१ २०७६/०८/०९ रुपन्देही | गैडहवा ८ क | १८ | ३२६.७० | आवास | ३५ वर्ष | भूमिहीन दलित | |
| ५ | गम्मी मुसहर | BD००३० | ५/३७१७ २०४५/०२/२३ रुपन्देही | गैडहवा ८ क | ४ | ८५०.९६ | कृषि | ३५ वर्ष | भूमिहीन दलित | परिवार मुली मन्तुरी या मुसहर को मृत्यु भएको छ। |
| ६ | सुइद मुसलमान /अलिमुन निसा | BS००१५ | ३७३०५३/३७३ २०६३/१०/२८ रुपन्देही ३७-०१-७८-१०००५ २०७८/०८/१६ रुपन्देही | गैडहवा ८ क | १२ | २६९.४० | आवास | ३५ वर्ष | भूमिहीन सुकुम्बासी | |
| ७ | बलिकरण मुसहर | BD००४२ | ५/७२ २०४४/१०/ | गैडहवा ८ क | १० | १३४६.६९ | कृषि | ३५ वर्ष | भूमिहीन | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १० रुपन्देही | | | | | | दलित | |
| ८ | सोहनी मुसहर | BD०० ३२ | ३७-०१-७३-०८७६७ २०७३/०९/१४ रुपन्देही | गैडहवा ८ क | ९ | ३३७.९५ | आवास | ३५ वर्ष | भूमिहीन दलित | परिवार मुली काशी मुसहर को मृत्यु भएको छ। |
| ९ | असर्फीया मुसहरीन | BD०० ३३ | २/१५४० २०४३/१०/०४ रुपन्देही | गैडहवा ८ क | ६ | ४८५.६६ | कृषि | ३५ वर्ष | भुमिहिन्न दलित | |

<u>वडा नं. ९ (९क)</u>

| क.स. | लाभग्राहीको नाम/थर (परिवारमुली र निजको पति/पत्नी) | निवेदन दर्ता नं. | नागरिकता नं./जारी मिति/ जिल्ला | नक्सा नं. | कित्ता नं. | क्षेत्रफल (बर्ग मिटर ) | प्रयोजन | वडाको सिफारिस अनुसार आवाद कमोतको अवधि | भूमिहीन दलित / भूमिहीन सुकुम्बासी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | जनतरी मुसहर / पल्टन मुसहर | BD०० ५५ | ३७-०१-७३-०००४२ २०७३/०१/०५ रुपन्देही ३७२०३६/ ५३७६८ २०६६/०३/२१ रुपन्देही | गैडहवा ९ क | १३ | १४९.४१ | आवास | ३३ वर्ष | भूमिहीन दलित | |
| | | | | | ९ | ३०९.०२ | कृषि | | | |
| २ | सहसराम | BD०० | ३७३०५३/ | गैडहवा | ५ | ३३६.० | आवास | ३३ वर्ष | भूमिहीन | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | मुसहर | ६७ | ५६ २०६३/१० /०३ रुपन्देही | ९ क | | ० | | | दलित | |
| | | | | | ४ | १६६४. ०० | कृषि | | | |
| ३ | फूल केसरी मुसहर / राजेन्दर मुसहर | BD00 ५७ | ३७-०१- ७३- ००३०२ २०७३/०१ /१३ रुपन्देही ३७३०५३/ १६५८ २०६३/११ /०३ रुपन्देही | गौडहवा ९ क | १६ | ५५६.९ २ | कृषि | ३३ वर्ष | भूमिहीन दलित | |
| ४ | शुख्खु मुसहर / सन्तोषी मुसहर | BD00 ७८ | ३७-०१- ७२- ०५०१८ २०७२/०७ /२२ रुपन्देही ३७-०७- ८३- ००६९१ २०८३/०२ /१३ रुपन्देही | गौडहवा ९ क | १२ | १५३.१ ३ | आवास | १८ वर्ष | भूमिहीन दलित | |
| | | | | | ८ | २९९.४ ६ | कृषि | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | नन्दलाल मुसहर / जगरानी मुसहर | BD00 ६९ | ३७३०५३/ १६४७ २०६३/११ /०३ रुपन्देही ३७-०१-७३-००३१७ २०७३/०१ /१३ रुपन्देही | गैडहवा ९ क | १५ | १३८.४ १ | आवास | ३३ वर्ष | भूमिहीन दलित | |
| ६ | अयोध्या मुसहर / गंगा देवी मुसहर | BD00 ६८ | ३७६९ २०४६/०३ /२० रुपन्देही २/९३५ २०४६/१० /०८ रुपन्देही | गैडहवा ९क | १० | ११०५. ८९ | कृषि | ३३ वर्ष | भूमिहीन दलित | |
| ७ | प्रदेशी मुसहर / रीता मुसहर | BD00 ७९ | ३७-०१-७२-०५०१६ २०७२/०७ /२२ रुपन्देही ३७-०१-७३-०४३५३ २०७३/०४ /२४ रुपन्देही | गैडहवा ९क | ११ | १७४.३ २ | आवास | ३३ वर्ष | भूमिहीन दलित | |

निर्णय नं. ४.२ माथि छलफल गर्दा यस गाउँपालिका र गाउँपालिका मातहतका वडा कार्यालय उपर कुनै व्यक्ति वा संस्थाले दिएका र यस गाउँपालिकाले कुनै अड्डा अदालतहरुमा मुद्दा दायर गर्नुपर्ने भएमा गाउँपालिकाको तर्फबाट फिराद प्रतिउत्तर लिखित जवाफ दिन, लगाउन, निवेदन दिन, वारिस वा कानून व्यवसायी नियुक्त गरि अदालतमा गाउँपालिकाको तर्फबाट प्रतिनिधित्व गरी मुद्दा पैरवी पुर्पक्ष गर्न यस पालिकाको सहायक प्रशासकीय अधिकृत श्री सुमन खरेल लाई अख्तियारी प्रदान गर्न निर्णय गरियो ।

निर्णय नं. ४.३ माथि छलफल गर्दा गैडहवा ताल परिसरको संरक्षण, सरसफाइ, सौन्दर्यकरण तथा व्यवस्थित विकासमार्फत आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्न आवश्यक भएकाले संरक्षक गैडहवा गाउँपालिका अध्यक्ष, सल्लाहकार (वडाध्यक्षहरु सबै रहने गरी), स्थानीय युवा क्लव/ आमा समूह/संघ संस्था, स्थानीय विद्यालय(सामुदायिक र सस्थागत) को प्र.अ.वा प्रतिनिधि, तालको ठेक्का सकार्ने व्यवसायी, स्थानीय बाल क्लब अध्यक्ष, गैरसरकारी संस्थाको प्रतिनिधि, स्थानीय व्यवसायी/ सामाजिक अगुवा, प्रहरी प्रतिनिधि,पत्रकार, शहिद पार्कको अध्यक्ष/प्रतिनिध, वर्ग र क्षेत्र समेटिने गरी **गैडहवा ताल संरक्षण समिति** ११ सदस्य हुने गरी गठन गर्नको लागि गैडहवा गाउँपालिका वडा नं ४ लाई जिम्मा दिने निर्णय गरियो ।

निर्णय न ४.४ माथि छलफल गर्दा सुर्यपुरा विद्यालय देखि सुर्यपुरा क्याम्पस जाने सडक र लोण्डिहवा चोक देखि साडि सम्म तत्काल मर्मत गर्ने र अन्य मर्मत संभार नगरि नहुने सडक हरुको वडाअध्यक्षको रोहवरमा प्राविधिकले अनुगमन गरी पहिचान भएको क्षेत्रमा मर्मत कार्य अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं. ४.५ माथि छलफल गर्दा गैडहवा गाउँपालिकाको लागि आर्थिक वर्ष २०८३/०८४ को सम्पूर्ण ज्याला दर, ढुवानी तथा निर्माण सामग्रीको लागि दररेट रूपन्देही जिल्ला दररेट निर्धारण समिति ले २०८३ असार २६ गते स्वीकृत गरेको रूपन्देही जिल्लाको ज्याला दर, ढुवानी तथा निर्माण सामग्रीहरूको स्वीकृत जिल्ला दररेट बमोजिम लागु गर्ने निर्णय गरियो ।

निर्णय नं. ४.६ माथि छलफल गर्दा भूमि व्यवस्था, सहकारी , सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न. ४४४ मिति २०८३-०२-०४ गतेको पत्र साथ संलग्न राखि पठाईएको नेपाल सरकार शहरी विकास मन्त्रालयको च.न. २४७५ मिति २०८३-०१-१३ को भवन निर्माण व्यवस्था सुदृढिकरण समितिको निर्णयहरु कार्यान्वयको लागि सबै स्थानीय तहहरुमा परिपत्र गरिदिने सम्बन्धी निर्णयहरु कार्यान्वयन गर्दै जाने निर्णय गरियो । अब निर्माण गरिने भवनको लागि नक्सा पास गरेर मात्रै निर्माण गर्न सबै सरोकारवालाको जानकारीको लागि सूचना प्रकाशन गर्ने र सडकको मापदण्ड तत्काल निर्माण गर्नको लागि सडक गुरुयोजना तयार गर्ने निर्णय गरियो ।